# एकिकृत शिशु तथा बाल्यकालिन पोषण र बाल भिटा समुदाय प्रबर्द्धन कार्यक्रम

## आमा समूह बैठक संचालसम्बन्धी निर्देशिका

## परिचय

सूक्ष्म पोषकतत्व- बालभिटा वितरण कार्यक्रम अन्तर्गत प्रत्येक वडामा ६ महिना देखि २ वर्ष मुनिका बालबालिकाहरूका आमाहरूको भेलामार्फत् कार्यक्रमसम्बन्धी जानकारी प्रवर्द्धन तथा वितरण गर्ने माध्यमको रुपमा आमा समूह बैठक आयोजना गरिन्छ । बालभिटा कार्यक्रमको प्रभावकारीता बढाउन र आमाहरूमा बालभिटा सम्बन्धी सही सन्देश सम्प्रेषण गर्ने उद्देश्य राखी कार्यक्रम संचालन भएका वडाहरूमा महिला स्वास्थ्य स्वयंसेविकाबाट आमा समूहको बैठक संचालन गरिन्छ । बैठकमा वडाका ६ देखि २ वर्ष मुनिका बालबालिकाहरूका आमाहरूलाई २ देखि ३ घण्टाको बैठकमा सहभागी गराइन्छ । बैठक सम्बन्धित वडाको पायक पर्ने स्थानमा संचालन गरिने छ । आमा समूहको बैठक प्रत्येक महिना संचालन गरिन्छ । पहिलो बैठक तालिमको अन्तिम दिन सञ्चालन गरिन्छ  र दोस्रो बैठक पहिलो बैठक बसेको १५ दिन पछि सञ्चालन गरिन्छ ।

## मुख्य उद्देश्य

- ६ महिना देखि २ वर्ष मुनिका बालबालिकाका आमाहरूलाई आवश्यक ज्ञान र सीप प्रदान गरि नियमित रुपमा यसको प्रयोगमा जोड दिने ।

## सहायक उद्देश्य

- शिशु तथा बाल्यकालीन पोषणसँग सम्बन्धित विद्यमान अवस्था र समस्याबारे जानकारी गराउने ।
- सूक्ष्म पोषकतत्व-बालभिटा के हो, किन आवश्यक छ, यसका फाइदाहरू के-के छन्, प्रयोग गर्ने लक्षित समूह कुन हो, प्रयोग गर्ने तरीका, वितरण प्रक्रिया कसरी हुन्छ, कार्यक्रमको अनुगमन कसरी गरिन्छ आदि विषयहरूमा विस्तृत जानकारी गराउने ।
- ६ महिनादेखि २ वर्ष मुनिका बालबालिकाहरुका आमाहरूलाई सूक्ष्म पोषकतत्व -बालभिटा खुवाउन आवश्यक पर्ने ज्ञान र सीप अभिवृद्धि गर्ने ।

## बैठक पूर्व तयारी

- आमा समूहको बैठकको तालिम संचालन हुने मिति, स्थान र समय निर्धारण गर्ने ।
- बैठक संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू तयार गर्ने ।
- आ-आफ्नो वडाका सम्पूर्ण ६ महिना देखि २ वर्ष मुनिका बालबालिकाका आमाहरूलाई आमन्त्रण गर्ने ।

## बैठक संचालन गर्ने व्यक्ति

- आमा समूहको बैठक सम्बन्धित वडाका महिला स्वास्थ्य स्वंयसेविकाले संचालन गर्नेछन् ।
- बैठक संचालनमा सम्बन्धित स्वास्थ्य संस्थाका ग्रा.स्वा.का वा मा.शि.काले सहयोग गर्न सक्नेछन् ।
- बैठक संचालनमा आवश्यक सहयोग तथा सरसल्लाह साझेदार संस्थाका सामााजिक परिचालक वा प्रशिक्षकले गर्नेछन् ।

## बैठकमा समावेश गर्नु पर्ने मुख्य मुख्य विषयहरू

आमा समूहको बैठकमा विशेषतः बालभिटा के हो ? बालभिटा किन आवश्यक छ ? यसको प्रयोग कसरी गरिन्छ ? यसको प्रभावको बारेमा छलफल गरिन्छ । यसको साथै बालभिटा कार्ड कसरी भर्ने ? तथा यसको संरक्षणको विषयमा पनि छलफल गरिने छ । आमा समूहको बैठकमा मुख्यत परामर्श पुस्तिकामा  उल्लेखित विषयहरूमा केन्द्रित भई छलफल गरिन्छ । बैठकमा छलफल हुने मुख्य विषयहरू तल उल्लेख गरिएको छ ।

## शिशु तथा बाल्यकालीन पोषण

- पोषणको वर्तमान अवस्था ।
- बाल विकास र सूक्ष्म पोषकतत्वको सम्बन्ध ।
- रक्तअल्पता के हो ? यसबाट पर्न सक्ने असर तथा यसबाट बच्न सकिने उपायहरू ।
- स्तनपानको महत्व तथा स्तनपान गराउदा यसबाट बालबालिका तथा आमाहरूमा हुने फाइदा ।
- आमा तथा बालबालिकाहरूको व्यक्तिगत सरसफाई ।

**सूक्ष्म पोषकतत्व- बालभिटा**

- परिचय महत्व, तथा यसको उचित प्रयोग ।
- बालभिटा प्रयोग गर्ने बिधि, तरिका प्रदर्शन ।
- बालभिटा बितरण प्रक्रिया ।
- बालभिटा कार्ड अद्यावधिक गर्ने तरिका ।
- बाल भिटा को स्याचेट (पुरिया) को व्यवस्थापन ।
- बालभिटा खुवाउँदा देखिएका सकारात्मक परिवर्तन तथा आई परेका समस्याहरू ।

## बैठक संचालन गर्दा अपनाउनु पर्ने चरणहरू

१. **अभिवादन गर्ने**

- सबै सहभागीहरूलाई अभिवादन गर्ने र बस्न अनुरोध गर्ने । सहभागीहरूलाई बसाउँदा एकले अर्कोलाई हेर्न सक्ने गरी बसाउनु पर्दछ । सहभागीहरूलाई ← आकारमा बस्न लगाउने ।

२. **सहभागीहरूसँग भलाकुसारी गर्ने**

- सहभागीहरूसँग भलाकुसारी गर्ने, भलाकुसारी गर्दा परिस्थिति अनुसार गर्नुपर्दछ । जस्तैः हाल समुदायमा भएका घटना, कुनै घटनाको सहभागीहरूलाई परेका असरहरू (खासगरी स्वास्थ्यसँग सम्बन्धित विषयहरू बारे) ।

३. **बैठकको उद्देश्यबारे जानकारी दिने ।**

- आज हुन लागेको बैठकको उद्देश्यबारे सहभागीहरूलाई बैठकमा जानकारी दिने ।
  - शिशु तथा बाल्यकालीन पोषणबारे जानकारी दिने ।
  - सूक्ष्म पोषकतत्व- बालभिटा बारे जानकारी दिने ।

४. **परामर्श पुस्तिका प्रयोग गरी अनुभव आदान प्रदान गराउँदै छलफल गर्ने**

- प्रश्न उत्तर, छलफल, व्याख्यान, प्रर्दशन, अभ्यास विधि प्रयोग गरी बैठक संचालन गर्ने ।
- बालभिटा परामर्श पुस्तिकामा भएका विषयहरूमा एक एक गरी छलफल गर्ने ।
- सबै सहभागीहरूले देख्ने गरि परामर्श पुस्तिकामा भएका चित्रहरू देखाउने र ध्यानपूर्वक हेर्न लगाउने । चित्रहरू सबैले देख्ने गरि चारैतिर घुमाई देखाउने ।
- सहभागीहरूले चित्रमा के-के देखे र के-के बुझे पालै पालो गरी सबैलाई भन्ने मौका दिने ।
- चित्रसँग सम्बन्धित आफूलाई भएको वा आफ्नो घर वरपर वा छिमेकमा भएका यस्ता अनुभव छन् की सोध्ने ।
- उनीहरूको जवाफलाई प्रोत्साहन गर्दै मुख्य सन्देशहरू प्रष्ट पार्ने ।
- अब खानामा बालभिटा मिसाउने अभ्यास गर्न लागिएको बारे बताउने ।
- साबुन पानीले हात मिचिमिचि धुने ।
- तयारी अवस्थामा राखिएको खाना (मन तातो) - भात, दाल, तरकारी, साग, जाउलो आदि राम्ररी मिच्ने ।
- खानामा एक पुरिया बालभिटा मिसाउने र राम्ररी मिच्ने ।
- सहभागी मध्ये एकजनालाई पनि त्यसै गर्न लगाउने ।
- खानामा बाल भिटा मिसाएको ठिक छ छैन छलफल गर्ने ।
- बाल भिटा थोरै खानामा (बच्चाले खान सक्ने जती खानामा मात्र) मिसाएर बच्चालाई खुवाउनु पर्ने कुरामा जोड दिने ।
- बाल भिटा सधैं बाक्लो खानामा मिसाएर मात्र खुवाउने र यसरी खुवाउँदा खानाको स्वादमा कुनै फरक नपर्ने कुरामा जोड दिने ।

५. **पहिलेको बैठकमा छलफल गरिएका विषयवस्तुहरूको पुनरावलोकन गर्ने (दोस्रो पटक बैठक संचालन गर्दाको लागि मात्र)**

- पुनरावलोकन गर्दा अघिल्लो बैठकमा छलफल भएको विषयको बारेमा सहभागीहरूले के-के सम्झि राखेका छन् सोध्ने । उनीहरूले दिएका उत्तरहरूलाई सरहना गर्दै एकपटक पुनः आफूले अघिल्लो बैठकमा छलफल भएको विषयको बारेमा छोटकरीमा बताइदिने ।
- अघिल्लो बैठकमा आफूले सिकेका कुराहरू कसरी प्रयोगमा ल्याए सोबारे छलफल गर्ने ।
- केहि समस्या देखिएको भए परामर्श पुस्तिकाको प्रयोग गर्दै समाधान गरिदिने ।

६. **सहभागीले विषयवस्तु बुझे-नबुझेको पत्ता लगाउने र सारांशमा प्रस्तुत गर्ने**

- सहभागीले विषयवस्तु बुझे-नबुझेको पत्ता लगाउन बैठकमा छलफल गरिएको विषयमा प्रश्न गर्दै पत्ता लगाउने ।
- बालभिटा परामर्श पुस्तिकाबाट छलफल गरेका विषयवस्तुहरूलाई सारांशमा प्रस्तुत गर्ने ।

७. **क्रमशः सम्पुर्ण ६महिना देखि २ वर्षका बालबालिकाका आमाहरू लाई बालभिटा वितरण गर्ने र दर्ता गर्ने ।**

८. **सहभागीताका लागि उपस्थित सबै जनालाई धन्यवाद दिँदै बैठक अन्त्य गर्ने ।**

# आमा समुहको बैठक सम्बन्धी प्रतिवेदन

जिल्ला :............................................... गा.वि.स. :............................................... टोल :..................................................

मिति (साल/महिना/गते ) :.......................................................

स्वास्थ्य संस्थाको नाम (प्रा.स्वा.के./हे.पो./सव हे.पो.) :.........................................................................................

| क्र.सं. | सामाजिक परिचालक/महिला स्वास्थ्य स्वयं सेविकाको नाम | वडा नं. | लक्षित बालबालिकाको संख्या (म.स्वा.स्व.से.बाट लिएको) | बाल भिटा प्राप्त गर्ने बालबालिको संख्या | बाल भिटा लिन छुटेका बालबालिकाहरुको संख्या (बैठकका सहभागीहरूबाट आएको विवरण अनुसार) | बाल भिटा पाएर खान छोडेका बालबालिकाको संख्या | अन्य सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |
| १५ | | | | | | | | |
| १६ | | | | | | | | |
| १७ | | | | | | | | |
| १८ | | | | | | | | |
| १९ | | | | | | | | |
| २० | | | | | | | | |
| | | | | | | | | |

सुपरिवेक्षक / प्रतिवेदन तयार गर्नेको नामः ............................................................... हस्ताक्षरः.........................................................